# सिंजा गाउँपालिका

**स्थानीय राजपत्र**

कर्णाली प्रदेश,नेपाल

सिंजा गाउँपालिका,गाउँ कार्यपालिकाद्धारा प्रकाशित

खण्डः ३ संख्याः ३ जुम्ला, पुष ६ गते २०८२ साल

## भाग:२

सिंजा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारी लागि प्रकाशन गरिएको छ।

**संवत् २०८२ सालको शिक्षा कार्यविधि नं. ०३**

**"ट्यूसन तथा शिक्षण सहयोग केन्द्र सञ्चालन निर्देशिका २०८२"**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः-२०८२-०९-०६

प्रमाणीकरण मितिः-२०८२-०९-०६

## सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०९/०६ गतेको निर्णयबाट स्वीकृत

**प्रस्तावना:** संविधानको मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख बनाउनु सबैको शिक्षामा सहज एवम् समतामुलक पहुँच र निरन्तरता सुनिश्चित गर्न संघीय संसदले बनाएको अनिवार्य तथा नि: शुल्क शिक्षा सम्बन्धि ऐन २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११,२(ज) को भावनालाई आत्मसाथ गर्दै गुणस्तरिय शिक्षा प्रदान गर्ने उद्देश्यले विद्यार्थी र अभिभावको चाहनालाई सहयोग पुर्याउनका लागि खोलिएका ट्यूसन , कोचिङ तथा विद्यालय बाहिर हुने प्रतियोगिताको तयारी कक्षा तथा अध्यापन सेवाको कक्षालाई कानुनी दायरामा ल्याई व्यवस्थित रुपले व्यवस्थापन र सञ्चालन गर्न आवश्यक भएको हुदा स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ११ को उपदफा २(ज)१७ ले दिएको अधिकार प्रयोग गरी गरी सिंजा गाउँपालिकाले यो निर्देशिका जारी गरिएको छ ।

### परिच्छेद- १

### संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भिक:** (१) यस निर्देशिकाको नाम **"ट्यूसन तथा शिक्षण सहयोग केन्द्र सञ्चालन निर्देशिका, २०८२"** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुने छ ।

२. **परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) **"ट्यूसन तथा शिक्षण सहयोग केन्द्र "** भन्नाले कुनै पनि व्यक्ति वा संस्थाले विद्यार्थीको पठनपाठनमा सहयोग पुर्याउने उद्देश्यले विद्यालय बाहिर हुने अध्यापन सेवालाई सम्झनु पर्दछ ।

(ग) **"गाउँपालिका"** भन्नाले सिंजा गाउँपालिका सम्झनु पर्दछ ।

(घ) **" विद्यालय बाहिर हुने अध्यापन सेवा"** भन्नाले बिभिन्न प्रतियोगितात्मक (लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग कक्षा वा अन्य छनौट) परीक्षाका लागि तयारी गराउन शिक्षण गर्ने कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ङ) **" सञ्चालक"** भन्नाले ट्यूसन तथा शिक्षण सहयोग केन्द्र र विद्यालय बाहिर हुने अध्यापन सेवाको सञ्चाल गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

(च) **" निरीक्षक"** भन्नाले गाउँपालिकाको शिक्षा ,यूवा तथा खेलकुद शाखाको कर्मचारीलाई सम्झनु पर्दछ ।

(छ) **" केन्द्र"** भन्नाले ट्यूसन , कोचिङ तथा विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ज) **" प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिंजा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

### परिच्छेद- २

### उद्देश्य

सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नराकोट, जुम्ला

पूर्ण प्रसाद धिताल गाउँपालिका अध्यक्ष

**३. निर्देशिकाको उद्देश्य:**

(क) ट्यूसन, कोचिङ जस्ता विलालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गर्नु,

(ख) शिक्षण सहयोग कार्यलाई गुणस्तर बनाउनु ,

## परिच्छेद- २
## अनुमति सम्बन्धि व्यवस्था

**४. अनुमति सम्बन्धमाः** (१) कुनै व्यक्ति वा संस्थाले ट्यूसन, कोचिङ कक्षा तथा विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन गर्न चाहेमा सामान्यतया शैक्षिक सत्र समाप्त हुनुभन्दा २ महिना अगाडी कक्षा सञ्चालन सम्बन्धि प्रस्ताव गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(२) प्राप्त निवेदनका सम्बन्धमा निरीक्षकबाट स्थलगत जाचबुझ गरी अनुमति प्रदान गर्नुपर्नेछ।

(३) अनुमति माग भएका ट्यूसन, कोचिङ कक्षा तथा विद्यालय बाहिर हुने अध्यापन सेवा कक्षा सञ्चालनको लागि स्थलगत निरीक्षणबाट अनुमति दिन पुरा भएको देखिएमा अनुमति प्रदान गर्दा गाउँपालिकामा दर्ता वाफतको रकम रु. २,०००।(दुई हजार) रुपैयाँ बुझाउनु पर्नेछ।

(४) सञ्चालनमा रहेको केन्द्रले प्रत्येक आर्थिक वर्षको आय व्ययको लेखा परीक्षण रजिष्टर्ड लेखापरीक्षकबाट गराई प्रत्येक वर्षको भाद्र मसान्त सम्म नविकरण गर्नुपर्ने गाउँपालिकामा नविकरण शुल्क वाफत रु १०००।–(एक हजार ) रुपैयाँ बुझाउनु पर्नेछ। तर तोकीयको समयमै नविकरण नगरेमा नविकरण शुल्कको ५ प्रतिशत रकम म्याद नाघेको प्रत्येक महिनाको हिसाव गरी जरिवाना शुल्क बुझाउनु पर्नेछ।

(५) कुनै अनुमति केन्द्रको नामसंग मिल्ने गरी पुन अर्को संस्था दर्ता गर्न गाउँपालिकाबाट अनुमति प्रदान गरिने छैन। जुन स्थानक लागि अनुमति दिइएको हो सोही स्थानमा मात्र केन्द्र सञ्चालन गर्नुपर्नेछ।

(६) गाउँपालिकाको नियमानुसार अनुमति लिई सञ्चालनमा रहेका दुई वा दुई भन्दा बढी केन्द्रहरुले संस्था गाभि एउटै कायम गर्न चाहेमा वा साविकको नाम परिवर्तन गर्न चाहेमा वा विशेष परिस्थिति उत्पन्न भइ साबिकको स्थानबाट अन्यत्र सार्नु पर्ने भएमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउँपालिकाको अनुमति लिई गर्न सकिनेछ।

(७) अनुमति लिई सञ्चालनमा रहेका केन्द्रहरुको विवरण गाउँपालिकाले अद्यावधिक गरी राख्नुपर्नेछ।

## परिच्छेद- ३
## विद्यार्थी अभिलेख सम्बन्धि व्यवस्था

**५. विद्यार्थीको नाम दर्ता, परीक्षा र अभिलेख सम्बन्धि व्यवस्था** (१) केन्द्रमा अध्ययन गर्न आउने विद्यार्थीहरुको अनिवार्य रुपमा भर्ना फाराम /आवेदन फाराम भरी नियमानुसार भर्ना गर्नुपर्नेछ।

(२) केन्द्रले विद्यार्थीहरुको पूर्व परीक्षा लिने पुन पहिलो,दोस्रो र अन्तिम परीक्षा लिने व्यवस्था मिलाउनु पर्नेछ सोको नतिजा प्रकाशनको अभिलेख निरीक्षकले हेर्न चाहेमा देखानु पर्नेछ।

सिंजा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नराकोट, जुम्ला

पूर्ण प्रसाद धिताल
गाउँपालिका अध्यक्ष

## परिच्छेद- ४
## शुल्क सम्बन्धि व्यवस्था

६. **शुल्क सम्बन्धि व्यवस्था** केन्द्रले विद्यार्थीहरुसंग लिने शुल्कको प्रस्ताव गाउँपालिकामा पेश गरी शिक्षा,यूवा तथा खेलकुद शाखाबाट स्वीकृत गरे बमोजिम रकम मात्र लिनु पर्नेछ।

(२) **नि:शुल्क शिक्षण सम्बन्धि व्यवस्था:** वडा कार्यालयले सिफारिस गरेका अपाङ्गता भएका व्यक्ति तथा गरिबिको रेखामुनी रहेका व्यक्तीलाई कुल विद्यार्थीको **पाँच प्रतिशत** विद्यार्थीलाई सम्बन्धित केन्द्रले नि:शुल्क पढाउनुपर्नेछ।

## परिच्छेद- ५
## शिक्षक सम्बन्धि व्यवस्था

७. **शिक्षक सम्बन्धि व्यवस्था:** (१) शिक्षकको शैक्षिक योग्यता सम्बन्धित तहको सम्बन्धित विषयको शिक्षकको लागि शैक्षिक योग्यता हुनुपर्नेछ।

(२) सञ्चालकले शिक्षक करार गरी आवश्यकता अनुसार शिक्षक व्यवस्थापन गर्नुपर्नेछ। सो करार सेवामा उल्ले भए बमोजिमको रकम सम्बन्धित शिक्षकलाई उपलब्ध गराउनुपर्नेछ।

## परिच्छेद- ६
## दण्ड तथा सजाय सम्बन्धि व्यवस्था

८. **दण्ड तथा सजाय सम्बन्धि व्यवस्था:** (१) यस कार्यविधिमा उल्लेखित सर्तहरु पालना नगरेमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

(२) कुनै सञ्चालकले केन्द्र सञ्चालन गर्दा नियमानुसार कक्षा सञ्चालन नगरी ठगी गरेमा, बेपत्ता भएमा प्रचलित कानुन बमोजिम कारबाहीका लागि गाउँपालिकाले जिल्ला प्रशासन कार्यालयलाई लेखि पठाउन सक्नेछ।

## परिच्छेद- ७
## सञ्चालकले पालना गर्नुपर्ने शर्त सम्बन्धि व्यवस्था

९. **सञ्चालकले पालना गर्नुपर्ने शर्त सम्बन्धि व्यवस्था:** सञ्चालकले पालना गर्नुपर्ने शर्त देहाय बमोजिम रहेका छन्:-

क) सञ्चालक नेपाली नागरिक हुनुपर्ने।
ख) सञ्चालकको ठेगाना,इमेल,टेलिफोन आदि स्पष्ट खुलेको हुनुपर्ने।
ग) सञ्चालकले आफुलाई प्रदान गरेको अधिकार क्षेत्र भित्र रहि कार्य गर्नुपर्ने।
घ) प्रचलित नियम बमोजिम योग्यता र अनुभव भएको प्रशिक्षकबाट मात्र कक्षा सञ्चालन गराउनुपर्नेछ।
ङ) प्रशिक्षण खर्च बारे सञ्चालक र प्रशिक्षकबिच अग्रिम सम्झौता गर्नुपर्नेछ। उक्त सम्झौता पत्र पालिकामा बुझाउनु पर्नेछ।
च) प्रचलित कानुन बमोजिम लेखाजोखा चुस्त र दुरुस्त बनाइ लेखा परीक्षण गराउनुपर्नेछ।



सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नराकोट, जुम्ला

पूर्ण प्रसाद धिताल गाउँपालिका अध्यक्ष

## परिच्छेद- ८
## विविध

१०. **प्रचलित कानुन बमोजिम हुने:** यस निर्देशिकामा उल्ले भए बाहेकका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

११. **निरीक्षण गर्न सक्ने:** यस निर्देशिका बमोजिम कार्यान्वयन भए नभएको निरीक्षण एवम् अनुगमन गर्ने अधिकार शिक्षा शाखाको हुनेछ।

१२. **काम कारवाही:** यो निर्देशिका लागुहुन पूर्व गरिएका काम कारवाही समेत यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

१३. **प्रमाण-पत्र सम्बन्धमा:** केन्द्रलाई अनुमिति दिने प्रमाण पत्रको ढाँचा अनुसूची- १ बमोजिको हुनेछ।

१४. **बाधा अडकाउ फुकाउने अधिकार:** यो निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ पर्न गएमा वा यो निर्देशिकामा उल्लेख नभएको विषयमा कुनै व्यवस्था गर्न आवश्यक परेमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

पूर्ण प्रसाद घिमाल
गाउँपालिका अध्यक्ष

सिंजा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नराकोट, जुम्ला

सिंजा गाउँपालिकाको कार्यालय नराकोट जुम्ला कर्णाली प्रदेश नेपाल

सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०९/०६ गतेको निर्णयबाट स्वीकृत

अनुसूची-१

दफा १३ संग सम्बन्धित

अनुमति दिने प्रमाण-पत्रको ढाँचा

सिंजा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

## शिक्षा यूवा तथा खेलकुद शाखा

नराकोट, जुम्ला , कर्णाली प्रदेश, नेपाल।

दर्ता नं:-.................

दर्ता मितिः- ................

## ट्यूसन तथा कोचिङ सेन्टर दर्ता प्रमाण-पत्र

ट्यूसन तथा शिक्षण सहयोग केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०८२ को प्रयोजनार्थ देहायको ट्यूसन तथा कोचिङ सेन्टरलाई दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ।

**१. सञ्चालक मुख्य व्यक्तिको नाम थरः-** ..........................................

**२. ठेगानाः-** ..........................................................................

**३. फोन नः-** ..........................................................................

**४. संस्थाको नामः-** ...................................................................

**५. ठेगानाः-**..........................................................................

**६. सञ्चालन हुने स्थानः-** ............................................................

............................ ..............................

तयार गर्नेको सही प्रमाण-पत्र जारी गर्नेको सही

**द्रष्टव्यः**

**(क) यो प्रमाण-पत्र ट्यूसन सेन्टरमा देखिने गरी राख्नु पर्नेछ।**

**(ख) यो प्रमाण-पत्र प्रत्येक वर्षको श्रावण देखि भाद्र मसान्तसम्ममा नविकरण गरिसक्नु पर्नेछ।**

**(ग) अन्य निकायको अनुमति लिनु पर्ने भएमा अनुमति लिएर सञ्चालन गर्नुपर्नेछ।**

आज्ञाले

टेक बहादुर शाही

प्रमुख प्रशासकीय अधिकृत

सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नराकोट, जुम्ला

... प्रसाद घिमाल

... गाउँपालिका अध्यक्ष